सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस्।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक १३४♦ २०८० साल माघ २० गते शनिवार ♦ 3 Feb 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## ड्युटीमै रहेका प्रहरी जवानमाथि छुरा प्रहार

**खबर दर्पण समाचारदाता**

**माघ १९ गते, सर्लाही**

जिल्ला ट्राफिक प्रहरी कार्यालय नवलपुर, सर्लाहीमा कार्यरत ट्राफिक प्रहरी जवानमाथि कार्यालयभित्रै छुरा प्रहार भएको छ ।

महोत्तरीको गौशाला नगर पालिका-३ घर भई हाल जिल्ला ट्राफिक प्रहरी कार्यालय नवलपुर सर्लाहीमा कार्यरत ट्राफिक प्रहरी जवान प्रमोद महतोमाथि शुक्रबार कार्यालयमै छुरा प्रहार भएको हो ।

उनका अनुसार कार्यालय बाहिर पुर्वपश्चिम राजमार्गमा सुरक्षा परीक्षण गरी जरिवाना रसिद काटेर भुक्तानी गर्न जानु भनी कार्यालय छिरेका महतोमाथि छुरा प्रहार भएको थियो ।

ट्राफिक कार्यालय अगाडि पुर्वपश्चिम राजमार्गमा पश्चिमबाट पुर्व जाँदै गरेको ना १९ प २५५५ नम्बरको मोटर साईकलमा आएका रौतहट राजपुर-१ घर भएका यमामुद्दिन देमानले प्रहरी जवान महतोलाई छुरा प्रहार गरेको जिल्ला प्रहरी कार्यालयका निमित्त प्रहरी प्रवक्ता ओम प्रकाश यादवले जानकारी दिए ।

महतोलाई छुरा प्रहार गरी भाग्न खोज्दा निजलाई तत्काल पक्राउ गरी लालबन्दीको हिरासतमा राखिएको उनको भनाइ छ ।

छुरा प्रहारबाट प्रहरी जवान महतोको निधार, घाँटी, हात र पेटमा चोट लागेको प्रहरीले जनाएको छ ।

घाईते महतोको स्थानीय स्वास्थ्य संस्थामा प्राथमिक उपचार पश्चात् थप उपचारका लागि नेशनल मेडिकल कलेज वीर गन्ज पठाइएको छ । घटनाका सम्बन्धमा थप अनुसन्धान भइ रहेको प्रहरीले जनाएको छ ।

## सहिद शिवचन्द्र मिश्रको प्रतिमा सहादतस्थलमा अनावरण भएपछि सम्सीबासी दङ्ग

**खबर दर्पण समाचारदाता**

**माघ १९ गते, महोत्तरी**

नेपाली प्रजातान्त्रिक आन्दोलनका योद्धा सहिद शिवचन्द्र मिश्रको प्रतिमा सहादतस्थलमा अनावरण भएपछि महोत्तरीको सम्सीबासी दङ्ग छन् । पञ्चायतविरुद्ध प्रजातन्त्र पुनःस्थापनाका लागि ज्यान आहुति दिएका अमर सहिदको सहादतस्थलमै प्रतिमा अनावरण भएपछि सम्सीवासी खुसी देखिएका हुन् ।



पञ्चायतका प्रारम्भिक दिनमै वि.सं.२०१९ असोज ४ गते प्रजातन्त्रका पक्षमा लडेका मिश्रलाई सम्सीमा प्रहरीले समातेर गोली हानेको थियो । भर्खर २० वर्ष टेक्दै गरेको अवस्थामा पञ्चायतविरुद्धको आन्दोलनमा सक्रिय हुनुभएका मिश्र नेपाली कांग्रेसको आह्वानमा सशस्त्र संघर्षमा होमिएर सम्सी प्रहरीचौकी कब्जा गर्ने क्रममा सहिद हुनुभएको पाका सम्सीवासीलाई ताजै छ ।

“उच्च शिक्षा लिएका भर्भराउँदो उमेरका मिश्रका भाषणले त्यतिखेर रगत उमाल्थ्यो”, मनराका बासिन्दा ८० वर्षीय रामचन्द्र मिश्र सहिद शिवचन्द्रलाई सम्झँदै भन्नुहुन्छ, “निकै लामो कालखण्डपछि सहादतस्थलमै उहाँको प्रतिमा अनावरण भएको छ, यसले भावी पुस्तालाई उहाँको सम्झना गराइ रहनेछ ।”

अमर सहिद मिश्रको प्रतिमा अहिले ‘समुदायसँग कांग्रेस’ र ‘हुलाकी राजमार्ग संवाद’ अभियानका क्रममा महोत्तरी आइपुग्नुभएका कांग्रेसका महामन्त्री गगनकुमार थापाले बिहीबार साँझ अनावरण गर्नुभएको हो । मिश्रको सहादतले आफ्नो ठाउँको परिचय प्रजातान्त्रिक आन्दोलनसँग जोडिएर बनेको सम्सीका ७० वर्षीय उत्तिम यादव बताउनुहुन्छ । भारत प्रवेशको द्वार, पूर्वपश्चिम हुलाकी राजमार्ग र सम्सी गौशाला सडकको अहिलेको संगमस्थलको चोक नै मिश्रको सहादतस्थल हो । मिश्रको सहादतस्थलबाट नेपाल भारत सीमा (दशगजा) २०० मिटर पर मात्र छ ।

पञ्चायतकालमा सशस्त्र संघर्षमा होमिएका प्रजातान्त्रिक योद्धाहरु संगठनसम्बन्धी सूचना समन्वय भारततर्फ रहेर गर्दै प्रहरी चौकीमा आक्रमण गर्दै बढ्ने गर्थे । यसैक्रममा सम्सी चौकीको आक्रमण प्रयत्नमै मिश्रलाई त्यतिखेरका पञ्चहरुले समातेर प्रहरीलाई बुझाएपछि उहाँलाई गोली हानी हत्या गरिएको अहिलेका युवापुस्ताले आफ्ना बाबुबाजेबाट सुनेका छन् ।

“उहाँको साहस र वीरताबारे बुबाले सुनाउनुभएको हो”, सम्सीका सामाजिक अगुवा ३५ वर्षीय युवा इम्तियाज अहमद भन्नुहुन्छ, “मुख्य चोकमा अब प्रतिमा अनावरण भयो, सहिदको सहादतस्थल अब चिरकालसम्म सम्झनामा रहनेभयो ।”

बाँकी पृष्ठ २ मा





**सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्यक सम्झनु होस् ।**

**शिरीष अफसेट प्रेस**

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै, महोत्तरी

- पत्रिका
- क्यालेण्डर
- रजिष्टर, डाइरी
- किताब
- परीक्षा कपी
- पर्चा पम्पलेट
- बिल, भाउचर,



- स्क्रिन प्रिन्ट
- विवाह कार्ड
- प्रमाण पत्र
- भिजिटिङ्ग कार्ड
- झोला प्रिन्ट
- रबर स्टाम्प



- फलेक्स प्रिन्ट
- ब्यानर प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- स्टिकर
- फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# सहिद शिवचन्द्र मिश्रको ......

अहमदले मिश्रको योगदानबारे जानकारी दिन यहाँका स्थानीय तहले स्थानीय पाठ्यक्रम बनाएर विद्यालयमा पठनपाठनको चाँजो मिलाउन आग्रह पनि गर्नुभयो ।

## को हुनुहुन्थ्यो मिश्र



महोत्तरीकै लोहारपट्टीका शोभित मिश्र र झरियादेवीका कान्छा छोराका रुपमा शिवचन्द्र मिश्रको वि.सं.१९९९ कात्तिक १९ गते जन्म भएको थियो । माध्यमिक तहको अध्ययन (त्यतिखेरको प्रवेशिका) जनकपुरमा १३ वर्षको उमेरमै सकेर मिश्र कानुन पढ्न भारत जानुभयो । वि.सं.२०१७ मा प्रजातान्त्रिक सरकार अपदस्त गरी राजा महेन्द्रले शासन सत्ता आफ्नो हातमा लिएपछि बढेको राजनीतिक उथलपुथलले मिश्रलाई पनि प्रभावित पार्यो । मिश्र कांग्रेस आबद्ध भएर आन्दोलनमा होमिनुभयो ।

भारतको विहार प्रान्तका विभिन्न कलेजमा अध्ययन थालेका महोत्तरीका युवा त्यसबेला पञ्चायतविरुद्ध सङ्गठित हुँदै गए । जसमा मिश्रसँगै डाम्हीका चिन्ताहरण सिंह, रामचन्द्र सिंह, पिपराका हरिसुन्दर मिश्र, र तौलीका राजेन्द्र मिश्र र महावीर प्रसाद सिंहसहित विद्यार्थीको मोर्चा बन्यो । त्यसैगरी धनुषाका दुर्गानन्द झा पनि यो समूहमा जोडिनुभयो । त्यसैबेला राजा महेन्द्रको जनकपुर भ्रमणको कार्यक्रम बन्यो । यस क्रममा राजा महेन्द्रमाथि बम प्रहार गर्ने यो समूहले योजना बनायो ।

राजामाथि जनकपुरको हवाई मैदान, रङ्गभूमि र जानकी मन्दिर परिसरमा बम प्रहार गर्न फरकफरक तीन टोली बनेका थिए । सोअनुसार विमानस्थलमा अरविन्द ठाकुर, जानकी मन्दिरमा दुर्गानन्द झा र बारहबिघा (रङ्गभूमि) मैदानमा शिवचन्द्र मिश्रलाई बम प्रहार गर्न खटाइएको थियो । त्यसबेलाको घटना सम्झँदै लोहारपट्टीकै कांग्रेस नेता महेन्द्रकुमार मिश्र भन्नुहुन्छ, "राजा आइपुग्नुअघि नै अरविन्द ठाकुर पक्राउ पर्नुभयो, फलस्वरुप राजा आएपछि जानकी मन्दिर परिसरमा दुर्गानन्द झाले बम प्रहार गर्नुभयो, तर राजा जोगिए ।"

त्यस घटनापछि बारहबिघाको राजाको कार्यक्रम स्थगित भएर शिवचन्द्रले भूमिका निर्वाह गर्नुपरेन । जानकी मन्दिरको घटनाले भगदौड मच्चियो । त्यो असफलतापछि सीमा नजिकका चौकी आक्रमणको योजना बनेको महेन्द्रजस्तै पुराना कांग्रेस बताउँछन् । विद्यार्थी समूहमा वि.सं.२०१९ असोज २३ गते सम्सी र सर्लाहीको मलङ्गवा आक्रमण गर्ने योजना बनेअनुसार सम्सीमा खटिनुभएका शिवचन्द्र २४ गते बिहान मारिनुभएको महेन्द्रकुमार मिश्र बताउनुहुन्छ ।

"असोज २३ गते रातभरि दोहोरो हानाहानमा प्रहरी पछि सर्यो, तर २४ गते बिहान सम्सीचोकमा भाषण गरिर हेकाबेला पञ्चहरुले समाएर उहाँलाई प्रहरीको जिम्मा लगाए", महेन्द्र भन्नुहुन्छ, "जिउँदै समातिएका शिवचन्द्रलाई प्रहरीले तीन गोली दागेर मार्यो ।" शिवचन्द्रको शव दशगजा क्षेत्रमै प्रहरीले गाडेको थियो । शिवचन्द्रको हत्यापछि सेना र प्रहरीले लोहारपट्टीमा आतङ्क मच्चाए । उहाँको काजकिरिया बाजे शङ्कर मिश्रले भारतका तीर्थस्थलमा गएर गर्नुभएको थियो ।

प्रतिमा निर्माण र अनावरणले सहिदप्रति सम्मान

कांग्रेसमा आबद्ध भएर आन्दोलनमा होमिदै ज्यान अर्पित गर्नुहुने अमर सहिद मिश्रको प्रतिमा अनावरण उहाँ आबद्ध दलका महामन्त्री गगनकुमार थापाले गर्नुभयो । प्रतिमा निर्माण र अनावरण हुनुले सहिदप्रतिको सम्मान भाव, आन्दोलनको सम्झना र ठाउँको ओज र परिचय विस्तार भएको सम्सीवासी बताउँछन् । रासस

# क्षीरेश्वरनाथ नगरपालिका द्वारा आयोजित नगर स्तरीय माध्यमिक तह हाजिरी जवाफ प्रतियोगिता सम्पन्न

**खबर दर्पण समाचारदाता**

**माघ १९ गते, महेन्द्रनगर**



धनुषाको क्षीरेश्वरनाथ नगर पालिकाको शिक्षा, यूवा तथा खेलकुद शाखा द्वारा आयोजित नगर स्तरीय माध्यमिक तह हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको छ ।

श्री राष्ट्रिय माध्यमिक विद्यालय सखुवाबजार स्थित विद्यालयका प्रधानध्यापक संतोष कुमार यादवको अध्यक्षता र क्षीरेश्वर नाथ नगरपालिकाका नगर प्रमुख सुखदेव यादवको प्रमुख आतिथीयमा आयोजित प्रतियोगितामा गंगोत्री बोर्डिङ्ग स्कुल पुन्ह आजा माध्यमिक तह प्रतियोगितामा प्रथम स्थान ल्याउन सफल भएको छ । क्षीरश्वरनाथ नगरपालिका अन्तर्गत सामुदायिक तथा संस्थागत गरी १४ ओटा विद्यालयमा ज्ञानमन्दिर दोस्रो र दशर्निय बोर्डिङ्ग स्कुल तेस्रो स्थान ल्याउन सफल भएको आयोजकले जनकारी दिएका छन ।

कार्यक्रममा उपस्थित क्षीरेश्वर नाथ नगरपालिकाका नगर प्रमुख यादव सहभागी सम्पुर्ण विद्यालय र विद्यार्थीलाई धन्यवाद दिँदै शिक्षा, यूवा तथा खेलकुद शाखाले अतिरिक्त क्रियाकलाप अन्तर्गत हाजिरी जवाफ, निवन्ध प्रतियागिता लगायतको कार्यक्रम नियमित गर्दै गइरहेकोले प्रतियोगितामा सहभागीका लागी सम्पुर्ण विद्यालयलाई आग्रह गर्नुभएको थियो । प्रतियोगिताले विद्यार्थी भित्र रहेको कालालाई प्रदर्शन गर्ने ठाउँको रुपमा रहेको छ । प्रतियोगितामा हार जित प्रक्रिया मात्र हो यसबाट निराश नभई आउने दिनमा अझ मेहन्तका साथ सहभागी हुन विद्यार्थीहरुमा हौस्ला प्रदान गर्नु भएको थियो ।

त्यस्तै कार्यक्रममा उस्थित विशिष्ठ अतिथी क्षिरेश्वरनाथ नगरपालिका शिक्षा शाखा प्रमुख दिपक खत्री, वडा नम्बर ६ का वडा अध्यक्ष विनोद गुप्ता अतिथीहरु शिक्षा समिति सदस्य सुजित कापरी, संपत महतो उपस्थित विद्यालयका प्रतिनिधिहरुलाई आ-आफनो विद्यालयमा नियमित अतरिक्त क्रियाकलापमा जोडदिन सुझाव दिएका थिए ।

कार्यक्रममा प्रथम हुने गंगौत्री बोर्डिङ्ग स्कुलका विद्यार्थीहरुलाई प्रमुख अतिथीबाट प्रमाणपत्र, मेडल र कप प्रदान गरिएको छ । प्रतियोगितामा सहयोगी भुमिका खेल्ने शिक्षा शाखाका कासिम राईन लगायत सम्पुर्ण सहभागीहरुलाई आयोजकले धन्यवाद दिएका छन । त्यस्तै माघ २१ गते देखि २४ गते सम्म क्षिरेश्वर मा.वि.को खेल मैदानमा प्रदेश स्तरिय महिला भलिवल प्रतियोगिता संचालन गर्ने कार्यक्रम तय भएको छ ।

# भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - काममा अपजस हात लाग्नेछरु। मिष्ठान्न भोजन प्राप्त हुने, चाहेको वस्तु सजिलै प्राप्त हुनेछ। छ ।

**वृष**- चाहेको वस्तु सजिलै प्राप्त हुनेछन्। साताको अन्त्यमा समय अनुकूल रहनेछ। आम्दानी राम्रो हुनेछ, काममा सफलता मिल्नेछ। प्रेमीका संग यात्राको योग छ ।

**मिथुन**- सुख प्राप्त हुने, धनलाभ हुने, शत्रुको नाश हुने, मिष्ठान्न भोजन मिल्ने, मान-सम्मान प्राप्त हुने, आम्दानीमा सुधार हुनेछ।

**कर्कट** - मनमा उत्साह बढ्नेछ। दिनको उत्तरार्द्धमा मानसिक थकान बढ्नेछ। आफन्तसँगको भेटले मन प्रफुल्ल बन्नेछ। कान्तिक्षय हुनेछ।

**सिंह** -स्वास्थ्य प्रतिकूल रहने, यात्रामा बाधा आउनेछ । रोगको नाश हुने, मिष्ठान्न भोजन प्राप्त हुने, मान-सम्मान प्राप्त हुने र कामको जिम्मेवारी बढ्नेछ।

**कन्या** -परिवारबाट सन्तोष मिल्ने, आपसी समझदारीबाट काम सफल हुने, र आम्दानी बढ्नेछ तथा सोचेको काम पूरा हुनेछरु। स्वास्थ्य तथा यात्रामा असफलता हात लाग्नेछ ।

**तुला** - सरकारी काममा सफलता हुनेछरु। दाजु-भाइसँग भेट हुने योग छ। आम्दानीमा राम्रो सुधार हुनेछरु। बौद्धिक व्यक्तिसँग भेटघाट हुनेछ। धार्मिक यात्राको योग रहेको छ ।उपहारआदी प्राप्त हुनेछ ।

**वृश्चिक** -साताको सुरुमा शत्रुले दुःख दिने, मनमा डर रहने, पेटसम्बन्धी समस्याले सताउनेछरु। आयआम्दानीको स्रो बढ्नेछरु। साताको अन्त्यमा सरकारी काममा सफलता र नोकरीमा उन्नति हुने योग छ ।

**धनु** - दाजु-भाइको सहयोगबाट आम्दानी हुनेछ। साताको अन्त्यमा मिष्ठान्न भोजन प्राप्त हुने, चाहेको वस्तु सजिलै प्राप्त हुनेछ । अपूरा कार्य पूर्ण हुनेछन्। अनावश्यक खर्च बढ्नेछ।

**मकर** -आय आर्जनमा गतिरोध आउनेछ। राजनीतिमा सफलता प्राप्त हुनेछ। दैनिक कार्यमा प्रशंसा प्राप्त हुनेछ।

**कुम्भ** -मिष्ठान्न भोजन, मान-सम्मान प्राप्त हुने, धनलाभ हुने, सुख प्राप्त हुने र कामको जिम्मेवारी बढ्ने योग छ। स्वास्थ्य प्रतिकूल रहने, शरीरमा आलस्यता हुनेछ। साताको अन्त्यमा काममा असफलता, धनको नाश हुने योग

**मीन** -काममा बाधा, खर्च वृद्धि हुनेछरु। परिवारबाट सुख, आम्दानीमा सुधार, काममा सफलता हात लाग्नेछरु। शुक्रबार भने मनमा डर-चिन्ता रहनेछ। धार्मिक यात्राको योग छ ।

# आवश्यक टेलिफोन नम्बरहरू

## जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

## वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

## ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

## जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

## महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# भारतका प्रधानमन्त्री मोदी नेपाल भ्रमणमा आउँदै

भारतका प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल भ्रमणमा आउने भएका छन् । प्रधानमन्त्री मोदीको भ्रमणका लागि सरकारी उच्चस्तरमा गोप्य तयारी हुँदैछ ।

यही फेब्रुअरीको अन्तिम साता वा मार्च महिनाको पहिलो सातासम्म मोदी नेपाल भ्रमणमा आउने गरी तयारी भइरहेको स्रोतले जनाएको छ ।

नेपाल र भारतका प्रधानमन्त्री कार्यालय, परराष्ट्र मन्त्रालयको नेतृत्व र सुरक्षा अङ्गको उच्च तहमा मोदीको भ्रमण तयारीका विषयमा छलफल भइरहेको छ ।

स्रोतका अनुसार यो साता भारतबाट सुरक्षा निकायको दुई दर्जनको टोली काठमाडौं आएर रेकी गरेर बिहीबार साँझ दिल्ली फर्केको छ ।

यसअघि भारत भ्रमण गर्ने क्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मोदीलाई नेपाल भ्रमणको निमन्त्रणा दिएका थिए । प्रचण्ड र मोदी बीच गत १ जुनमा हैदराबाद हाउस दिल्लीमा भेटवार्ता हुँदा प्रचण्डले निमन्त्रणा दिएका थिए ।

मोदी लुम्बिनी भ्रमणमा आएको समयमा अघिल्ला प्रधानमन्त्री शेर बहादुर देउवाले पनि नेपाल भ्रमणको निमन्त्रणा दिएका थिए ।

यसपटकको मोदीको भ्रमण राजनीतिकभन्दा पनि धार्मिक हुने बताइएको छ । उनी भारतमा लोकसभाको चुनाव हुनुभन्दा पहिला पशुपनिनाथको दर्शन गर्ने अभिप्रायले आउन लागेका हुन् ।

भारतमा आगामी मेमा लोकसभाको निर्वाचन हुँदैछ । त्यसअघि पशुपतिनाथको आशीर्वाद लिएर चुनावी अभियान सुरू गर्ने उद्देश्यसहित मोदीको भ्रमण हुन लागेको रेकी टिममा आएका एकजना सदस्यले जानकारी दिएका छन् ।

प्रधानमन्त्रीको सुरक्षार्थ खटिएको एसपिजी, एसएसबी, भारतीय सेनाको डिएमआईलगायतको टोली काठमाडौं आएको थियो ।



टोली साधारणरुपमा आएर पशुपतिनाथको पूजाअर्जना गरेर फर्किएको छ ।

सुरक्षा टोलीका एक सदस्यले भनेका छन्, "समय परिस्थिति र नेपालको अवस्थाले साथ दियो भने प्रधानमन्त्री मोदीजी नेपाल आउनुहुन्छ । निर्वाचनमा जानुभन्दा पहिला बाबा पशुपतिनाथको दर्शन गर्ने उहाँको इच्छाअनुसार तयारी भएको हो ।"

भारतमा अकस्मात कुनै अप्रिय अवस्था सिर्जना नभए मोदीको भ्रमण हुने लगभग निश्चित भएको नेपालको परराष्ट्र स्रोतले बताएको छ । यद्यपि, यसबारे सरकारी निकायले औपचारिकरूपमा पुष्टि गरिसकेका छैनन् ।

यसअघि कार्यभार सम्हालेपछि प्रधानमन्त्री मोदी धेरैपटक नेपाल भ्रमणमा आइसकेका छन् । उनी सन २०१४ को अगस्टमा राजकीय भ्रमणमा आएका थिए ।

प्रधानमन्त्री मोदीले पछिल्लो पटक सन् २०२२ को मे जनकपुर धाम, काठमाडौं र मुक्तिनाथको भ्रमण गरेका थिए । त्यसअघि सन २०१८ को अगस्टमा उनी बिमस्टेकको सम्मेलनका लागि काठमाडौं आएका थिए ।प्रधानमन्त्री भएपछि दोस्रो भ्रमणका रूपमा उनी सार्क सम्मेलनका लागि सन् २०१४ को नोभेम्बरमा नेपाल आएका थिए ।-नेपाल भ्युज

# भारतीय अभिनेत्री एवं मोडल पूनम पाण्डेको निधन



भारतीय अभिनेत्री तथा मोडल पूनम पाण्डेको ३२ वर्षको उमेरमा निधन भएको छ । उनको शुक्रबार बिहान निधन भएको जानकारी दिइएको छ ।

परिवारजनले उनको इन्स्टाग्राम ह्यान्डलमार्फत निधन भएको जानकारी दिएका हुन् । म्यानेजर निकिता शर्माले दिएको जानकारी अनुसार पूनम पाठेघरको क्यान्सरबाट ग्रसित थिइन् ।

पूनम सामाजिक सञ्जालमा गर्ने पोस्ट र मोडलिङबाट परिचित थिइन् । त्यस्तै उनी रियालिटी टेलिभिजन शो 'लकअप' बाट समेत चर्चामा आएकी थिइन् ।

११ मार्च १९९१ मा कानुपुरमा जन्मेकी पाण्डेले आफ्नो करिअर मोडलिङबाट सुरु गरेकी थिइन । उनले सन २०१३ मा फिल्म 'नशा' बाट बलिउडमा डेब्यु गरेकी थिइन ।

उनी बोल्ड सिन र अभिव्यक्तिका कारण बारम्बार विवादमा आउने गरेकी थिइन ।-एजेन्सी

# बन्ध्याकरण शिवीरमा....

छन् ।

शिविरमा पुरुष-महिला दुवैलाई लक्ष्य गरेर विशेष क्याम्प सञ्चालन गरिए पनि पुरुष क्याम्पमा सहभागी जनशक्ति र अन्य तयारीले कुनै काम नपाएको कार्यालयका सूचना अधिकारी तथा जनस्वास्थ्य निरीक्षक अम्विका दासले बताइन् ।

जिल्लाका गौशाला, सम्सी, लोहारपट्टि, बलवा, पिपरा र जलेश्वरसहित स्थानीयतहमा शिविर सम्पन्न हुन बाँकी छ । यता प्रादेशिक अस्पतालमा भने निरन्तर यो सेवाको प्रबन्ध मिलाइएको जनाइएको छ । परिवार नियोजनको स्थायी बन्ध्याकरणमा पुरुष सहभागी नहुनु सुरक्षा शंका आफूले बढी मेहनत गर्नेपर्छ भन्ने मानसिकता रहेको बुझिन्छ तर पुरुषका लागि बन्ध्याकरण अत्यन्त सरल, झन्झटरहित र स्वास्थ्यमा प्रतिकूल असर नपर्ने हुने गरेको प्रमुख प्रशासक गुप्ताले बताइन् ।

स्वास्थ्य सचेतना कार्यक्रममा यी विषयबारे निरन्तर जोड दिँदै आइए पनि बन्ध्याकरणमा पुरुषको सहभागिता नहुनु परिवार र समाजमा महिलाप्रतिको रुझान देखिने महिला अधिकार बारे पैरवी गर्ने महिला नेताहरूको प्रतिकृया छ । 'बुझ्नु भएन, परिवार नियोजनको बन्ध्याकरणमा केही समस्या भए महिलाले नै भोगुन् भन्ने मानसिकता हो', महिला अधिकारकर्मी भङ्गाहा४ कि हिरा काफ्लेले भनिन्, 'के गर्नु ? आफैंले जन्माउनु र हुर्काउन पर्ने जिम्मेवारीले गर्दा महिला नै बन्ध्याकरणमा पुग्ने गरेका छन् ।'

नगर्दा आफैंमाथि भार थपिने हुँदा पुरुष बन्ध्याकरणमा अनिच्छुक देखिएपछि महिला नै पुग्ने गरेका उनको भनाइ थियो ।

# यू-१९ विश्वकप : नेपाललाई ......

फर्किए । आकाश चन्दले अविजित १८ रन बनाए । दुर्गेस गुप्ताले अविजित २९ रन जोडे ।

नेपालले अतिरिक्त रुपमा २२ रन पाएको थियो । भारतीय टोलीका बलर सौमी पाण्डेले चार विकेट लिएका थिए । आर्शिन कुलकर्णीले पनि दुई विकेट हात पारे । राज लिम्बानी, आराध्य शुक्ला र मुरुगन अभिषेकले एक-एक विकेट लिए ।

त्यसअघि चौथो र पाँचौं नम्बरका ब्याट्सम्यानले उत्कृष्ट शतकीय पाली खेलेपछि भारतले विशाल योगफल तयार पारेको थियो । पाँचौं नम्बरका ब्याट्सम्यान सचिन दासले एक सय १६ रन बनाएका थिए । उनले केवल एक सय एक बलको सामना गरी तीन छक्का र ११ चौका हिर्काए ।

सचिनको विकेट गुल्सन झाले लिएका हुन् । ४७.४ ओभरमा गुल्सनले सचिनलाई दिपक बोहराद्वारा क्याच गराएका थिए । चौथो नम्बरमा क्रिज समाल्न आएका कप्तान उदय शरणले पनि टोलीको खातामा एक सय रन थपे ।

उदयले एक सय सात बलको सामना गरी नौ चौका पनि हिर्काए । उनी पाँचौं विकेटका रुपमा पेभेलियन फर्किएका हुन् । उदयको विकेट पनि गुल्सनले नै लिएका हुन् । उनलाई ४९.४ ओभरमा गुल्सनले सुवाष भण्डारीद्वारा क्याच गराएका थिए ।

भारतले केवल ६२ रनको कुल स्कोरमा आफ्ना तीन ब्याट्सम्यान गुमाएको थियो । त्यसपछि सचिन र उदयले भारतीय टोलीको स्कोरलाई दुई सय ७७ रनको बलियो स्थितिसम्म पुऱ्याएका थिए । मुसिर खान नौ रनमा अविजित रहे । भारतले अतिरिक्त रुपमा पनि १४ रन पायो । नेपाली टोलीका बलर गुल्सनले तीन र आकाश चन्दले एक विकेट लिए ।

भारतको पहिलो विकेट नेपाली बलर गुल्सनले लिएका थिए । गुल्सनले भारतीय टोलीका ओपनर ब्याट्सम्यान आदर्श सिंहलाई २१ रनको ब्यक्तिगत स्कोरमा विकेटकिपर उत्तम रंगु थापामगरद्वारा क्याच गराएका थिए । भारतले ४.५ ओभरमा पहिलो विकेट गुमाउँदा कुल २६ रन बनाएको थियो ।

भारतले दोस्रो विकेटका रुपमा प्रियांशु मोलियालाई गुमाएको थियो । पेभेलियन फर्किनुअघि उनले १९ रन बनाएका थिए । उनी रन आउट भई मैदानबाट बाहिरिएका थिए । १३.५ ओभरमा उनी आउट हुँदा भारतले ६१ रन बनाएको थियो ।

भारतको तेस्रो विकेट भने आकाश चन्दले लिएका थिए । आकाशले भारतका ओपनर ब्याट्सम्यान आर्सिन कुलकर्णीलाई १८ रनको ब्यक्तिगत स्कोरमा विकेटकिपर उत्तर रंगु थापामगरद्वारा क्याच गराएका थिए । १४औँ ओभरको अन्तिम बलमा उनी आउट हुँदा भारतले ६२ रन बनाएको थियो ।

'सुपर सिक्स' चरणमा यो नेपालको दोस्रो तथा अन्तिम खेल हो । नेपाली टोली जारी विश्वकपको उपाधि होडबाट यसअघि नै बाहिरिइसकेको छ । नेपाललाई हराएसँगै भारत भने जारी विश्वकपको सेमिफाइनलमा पुगेको छ । उक्त समूहबाट अब पाकिस्तान र बंगलादेशमध्ये एक टोली सेमिफाइनलमा पुग्नेछ । 'सुपर सिक्स' चरणको अर्को समूहबाट भने दक्षिण अफ्रिका र अस्ट्रेलिया सेमिफाइनलमा पुगिसकेका छन् ।


## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३ाँको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# सरस्वती माताको मूर्ति बनाउन मुर्तिकारहरुलाई भ्याइ नभ्याइ

**धवेन्द्रकुमार यादव 'यदुवंशी'**

**माघ १९ गते, महोत्तरी**



विद्यार्थी र विद्यालयमा अनिवार्य रुपमा मनाइने सरस्वती पूजा नजिकिँदै गर्दा मुर्ति बनाउने कालिगढहरुलाई भ्याइ नभ्याइ भएको छ।

वसन्त पञ्चमीको दिन विद्यार्थीहरुले मनाउने सरस्वती पूजालाई मध्यनजर गर्दै यति बेला मधेस प्रदेशका कालिगढहरु सरस्वतीमाताको प्रतिमा बनाउन व्यस्त देखिन्छन्।

वसन्तपञ्चमी अर्थात सरस्वती पूजाको दिनका लागि यहाँका कालिगढलाई सरस्वती माताको मूर्ति बनाउन भ्याइनभ्याइ भएको हो।

वसन्तपञ्चमीको पूजामा सर स्वतीको मूर्तिबाट प्रशस्त आम्दानी हुने भएकाले महोतरी को औरही नगरपालिकाका २ फुलवरियाका ५८ वर्षीय मूर्तिकार दिनेश राम मूर्ति बनाउन व्यस्त भएका छन्।

विगत ६ दशक देखि मुर्ति बनाउने काम गर्दै आएका मूर्तिकार रामले विद्यालयहरुमा सरस्वतीको मूर्तिको माग बढी भएकाले मूर्ति बनाउन व्यस्त रहेका बताए।

मूर्तिको आकार हेरेर मूल्य तोकिने भए पनि एउटा मूर्तिलाई रू दुई हजारदेखि रू १४ हजार सम्ममा विक्री गर्ने गरेको अर्का मूर्तिकार फुलवरियाका कैलास रामले बताए।

गणेश पूजा, कृष्ण जन्माष्टमी, विश्वकर्मा पूजा र दुर्गा पूजा लगायत पर्वमा मूर्ति बेचेर करिब रू तीन लाखसम्म आम्दानी हुने उनले जानकारी दिए।

"विशेष समयमा मूर्तिको माग बढी आउने भएकाले घरपरिवार का सबै सदस्य काममा लाग्ने गर्दछन्", मूर्तिकार दिनेश रामले भने। उनका अनुसार सरस्वती पूजाका लागि यसअघिका वर्षभन्दा यस वर्ष बढी माग आएको छ। उनले वार्षिक रू तीन लाखसम्म आम्दानी हुने गरेको बताए।

खासगरी कुमाल जातिको पुर्खौली पेसा भए पनि पछिल्लो समय अन्य समुदायका मानिसले पनि मूर्ति बनाउन थालेका स्थानीय जीवछ महतोले बताए। उनका अनुसार अधिकांश निजी तथा सामुदायिक विद्यालयले सरस्वती पूजाका लागि मूर्ति बनाउन दुई महिना अघिदेखि मुर्तिकार लाई अर्डर दिने गरेका छन्।

विद्यालय बाहिर टोलबस्तीमा गरिने पूजाको लागि भने पूजाको एकदिन अगाडि बिक्री स्थलमा गएर आफ्नो आर्थिक सामर्थ्य अनुसार सरस्वतीको मूर्ति छानेर खरिद गर्ने गरिएको स्थानीयवासी सरोज सिंहले बताए।

माटो, काठ तथा परालको प्रयोगबाट बनाइने मूर्ति राम्रोसँग घाम लागेको अवस्थामा पूर्ण रुपमा सुक्न र निर्माण सम्पन्न हुनका लागि ७ देखि १० दिनसम्म लाग्ने गर्दछ। समय परिस्थिति र मूर्ति बनाउने काम प्रति नयाँ पुस्ताको घट्दै गएको रुचिका कारण पुर्खौली पेशा लोप हुँदै गइरहेको अवस्थामा स्थानीय सर कारले उनीहरुको शीपको जगेर्ना एवं संरक्षण गर्नुपर्ने आवश्यक्ता देखिएको छ। तर आफु यस पेसाबाट आफु सन्तुष्ट रहेको भन्दै यसबाटै सहज रुपमा जीविकोपार्जन भइरहेको मुर्तिकारहरुको भनाइ छ।

# यू-१९ विश्वकप : नेपाललाई १३२ रनले हराउँदै भारत सेमिफाइनलमा



**खबर दर्पण समाचारदाता**

**माघ १९ गते, बर्दिवास**

दक्षिण अफ्रिकामा जारी आईसीसी यू-१९ विश्वकप क्रिकेट प्रतियोगिताको 'सुपर सिक्स' चरणमा नेपालले लगातार दोस्रो हार व्यहोरेको छ। आफ्नो दोस्रो खेलमा शुक्रबार नेपाली टोली बलियो प्रतिद्वन्द्वी भारतसँग एक सय ३२ रनले पराजित भएको हो। त्यसअघि आफ्नो पहिलो खेलमा नेपाली टोली अर्को टेस्ट राष्ट्र बंगलादेशसँग पाँच विकेटले पराजित भएको थियो। शुक्रबारको खेलमा टस जिती पहिले ब्याटिङको निर्णय लिएको भारतले निर्धारित ओभरमा पाँच विकेट गुमाएर दुई सय ९७ रन बनाएको थियो। जवाफी ब्याटिङमा ओर्लिएको नेपालले भने निर्धारित ओभरमा नौ विकेट गुमाएर एक सय ६५ रनमात्र बनाउन सक्यो।

नेपाली टोलीका पाँच ब्याट्सम्यानले मात्र दोहोरो अंकमा रन बनाउन सके। ओपनर दीपक बोहरा र अर्जुन कुमालले ४८ रनको साझेदारी गरे। दीपक २२ रन बनाउँदै आउट भए। अर्जुनले पेभेलियन फर्किनुअघि २६ रन बनाएका थिए।

चौथो नम्बरमा क्रिज समाल्न आएका कप्तान देब खनाल ३३ रन बनाउँदै आउट भए। उत्तम रंगु थापामगर आठ रनमा पेभेलियन फर्किए। विशालबिक्रम केसी एक रन बनाउँदै आउट भए। दीपक डुम्रेले खातासम्म खोल्न सकेनन्। गुल्सन झा पनि एक रनमै आउट भए। दिपेश कँडेलले पनि खाता खोल्न सकेनन्। सुवाष भण्डारी पाँच रनमा पेभेलियन

बाँकी पृष्ठ ३ मा

# बन्ध्याकरण शिवीरमा पुरुषको क्याम्प खाली

**खबर दर्पण समाचारदाता**

**माघ १९ गते, महोत्तरी**

परिवारनियोजनका लागि महोत्तरीका भित्री गाउँ-नगर बस्ती र अस्पतालमा सञ्चालित बन्ध्याकरण शिविर (क्याम्प) मा पुरुष क्याम्प खाली देखिएको छ।

जिल्लाका मटिहानी, भङ्गाहा, मनराशिशवा, रामगोपालपुर र औरही नगरपालिकामा सञ्चालित क्याम्पमा पुरुषले सेवा लिन नपुगेकाले खाली देखिएको हो।

शिविरमा पुरुषका लागि भ्यासेक्टोमी र महिलाका लागि बन्ध्याकरणको व्यवस्थासहित चिकित्सक र दक्ष स्वास्थ्यकर्मीको टोली परिचालन गरिएको स्वास्थ्य कार्यालयले जनाएको छ। हालसम्म पाँच नगरक्षेत्रमा सम्पन्न शिविरमा एक पुरुष पनि सेवा लिन नपुगेको कार्यालय प्रमुख सुनिता गुप्ताले जानकारी दिइन्।

'हामीले एक महिना पहिलेदेखि पुरुष र महिलाका लागि बन्ध्याकरण शिविर सञ्चालन हुने भनेर प्रचारप्रसार गर्यौं, सोअनुसार व्यवस्थापन पनि गरिएको छ तर सेवा लिन हालसम्म एकजना पनि पुरुष पुग्नुभएको छैन', उनले भनिन्, 'शिविर क्षेत्रमा देखिने पुरुष पनि महिलालाई नै बन्ध्याकरण गराउन पो पुगेका छन्।' पाँच नगरक्षेत्रमा सम्पन्न बन्ध्याकरण शिविरमा ३४९ महिलाले भने स्थायी बन्ध्याकरण (मिनिल्याप) गराएका छन्।

जिल्लाका विभिन्न स्थानीय तह र जिल्ला सदरमुकाम जलेश्वर स्थित प्रादेशिक अस्पतालमा बन्ध्याकरण विशेष शिविर जारी छ। प्रादेशिक अस्पतालमा पनि हालसम्म बन्ध्याकरण गराउन एकजना पनि पुरुष नपुगेको बुझिएको छ। अस्पतालमा हालसम्म ७६ महिलाले मिनिल्याप गराएका

बाँकी पृष्ठ ३ मा





R S सिनेमा हल बर्दिवासमा प्रदर्शन भईरहेको छ

फाइटर

शो समय १२-३ , ३-६ र ७-१० बजे





खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा